**मिति २०७८।१०।२४ गतेको जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकका निर्णयहरु:-**

१. जिल्लामा हाल सम्म पहिलो डोज खोप लगाइएको ४२५१६५ जना पूर्ण खोप लगाएको ३६४६३८ जना र बुस्टर डोज लगाएका ६९८५ जना आजका दिनमा कोभिड-१९ संक्रमणको सक्रिय संख्या ५०७ रहेको बेहोरा स्वास्थ्य कार्यालयबाट प्रस्तुत भएकोमा जानकारी लिईयो । साथै हात्तिपाईले निवारणका लागि Sampling कार्यमा सहजीकरणका अलावा Sampling पश्चात औषधी खुवाउने कार्यमा सचेतीकरणका लागि सम्पूर्ण राजनीतिक दल, समाजसेवी र मिडियाको साथ समर्थन खोज्ने र समन्वय गर्ने निर्णय गरियो ।

२. गृह मन्त्रालयको च.नं. १६७९ मिति २०७८।१०।२३ को पत्रसाथ प्राप्त CCMC को मिति २०७८।१०।२३ सिफारिसहरुको कार्यान्वयन गर्ने, गराउने निर्णय गरियो । सो सम्बन्धी आवश्यक आदेश प्रमुख जिल्ला अधिकारीले जारी गर्ने निर्णय गरियो ।

३. कपिलवस्तु जिल्लामा २९ वटा प्रहरी युनिटहरुबाट अति विपन्न घर/ परिवारको नामावली संकलन गरी १४८ घरपरिवारलाई ४०० थान ब्लाङ्केट वितरण भएको । यसै गरी गृह मन्त्रालयको च.नं. १६७ मिति २०७८।१०।०६ को पत्रबाट प्राप्त ज्याकेट, जुत्ता, ट्राउजर लगायतका सामग्रीहरु मध्येका ९ थान सामग्रीको सेट तयार गरी कपिलवस्तु न.पा. का पत्थरकट्टा र अन्य गरी ७ विपन्न परिवार, बुद्धभूमि न.पा. वार्ड नं. ९ का अति विपन्न वादी परिवार १५, ऐ. वार्ड नं. ४ का अति विपन्न कुमाल परिवार ३३, मायादेवी गा.पा. वार्ड नं. २ र ३ का अति विपन्न नेटुवा परिवार २०, शुद्धोधन गा.पा. वार्ड नं. १ का १६ र वार्ड नं.३ का १६ परिवारहरु गरी ३२ परिवारलाई राहत सामग्रीहरु वितरण गरिएकोलाई बैठकले समर्थन गर्ने निर्णय गरियो । बाँकी सामग्रीहरु पनि जिल्ला प्रशासन कार्यालय मार्फत अति विपन्न परिवारलाई आवश्यकतानुसार वितरण गर्ने निर्णय गरियो ।

४. मिति २०७८।०९।०९ देखि २०७८।१०।२३ सम्म जिल्ला विपद् व्यवस्थापन कोषबाट विभिन्न व्यक्तिहरुलाई वितरण गरिएको राहत रकम रु. २७,०००।- खर्चको समर्थन गर्ने निर्णय गरियो ।

५. स्थानीय तहहरुबाट पठाइएको धानबाली क्षतिको विवरण सम्बन्धमा छलफल गरियो । सो सम्बन्धी "बेमौसमी वर्षाको कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८" अनुसारको प्रकृया पूरा भई नआएको बेहोरा बैठकमा जानकारी भयो ।

६. मिति २०७८।१०।१५ गते शनिबार NCDM को आयोजनामा गृह मन्त्रालय तथा प्रमुख जिल्ला अधिकारीहरुका लागि आयोजित विपद् सम्बन्धी Virtual Zoom Meeting मा प्रस्तुत दुईवटा कार्यपत्रहरु The Approaching Great Nepal Earthquake-eoxx Need for an Earthquake Early Warning System for DRR / Innovative and Indigenous Technology for DRR विषयक तथा खरको सुधारिएको छाना सम्बन्धी कार्यपत्र बारे बैठकमा प्र.जि.अ. बाट प्रस्तुत गरियो ।

७. विपद् न्यूनीकरणका लागि विपद् पूर्व तयारीका कार्यहरु स्थानीय तहहरु र सम्बन्धीत सरकारी तथा सरोकारवाला निकायहरुले गर्ने गराउने निर्णय गरियो ।

२०७८।१०।२४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

चक्र पाणी
प्रमुख जिल्ला अधिकारी